# सगरमाथा इन्स्टिच्यूट फर टेक्नोलोजी एण्ड मेडिकल साइन्स (सिटाम्स्) प्रा. लि.

## Sagarmatha Institute for Technology and Medical Science (SITAMS) Pvt. Ltd.


**Contact Address:**

SITAMS, Kathmandu Metropolitan City

Sahid Marg, Gyaneshwor-30, Kathmandu

**Tel:** +977-14422043

**E-mail:** info@sitamsnepal.org.np

**Website:** www.sitamsnepal.org.np


## १. परिचय

### १.१ भूमिका :

नेपाल एउटा विकासको उच्च सम्भावना भएको मुलुक हो । विद्यमान अवस्थामा सीपयुक्त जनशक्तिको अभावका कारण रोजगारीका अवसर कम हुनु, कृषिमा निर्वाहमुखी परम्परागत प्रविधिको प्रयोगका कारण निम्न तथा मध्यमवर्गीय साना किसानहरूको आम्दानी अपर्याप्त हुनु र आफ्नो पारिवारिक आवश्यकता पूरा गर्न युवाशक्ति विदेशिनु जस्ता कुराहरूले देशको विकासमा अवरोध उत्पन्न भएको कुरा सर्वविदित नै छ । यी समस्याहरू यथासंभव निराकरण गर्नका लागि कृषि, शिक्षा, स्वास्थ्य र उद्यम क्षेत्रमा उन्नत प्रविधिको प्रयोग गरी गुणस्तरीय सेवा उपलब्ध गराउन प्रविधिमा सुधार गर्दै लैजानु पर्ने कुरा अपरिहार्य भएको छ ।

दक्ष जनशक्तिको अभावले सबै क्षेत्रमा नकारात्मक प्रभाव परेको छ । उदाहरणको लागि प्रति डाक्टर रोगीको संख्या धेरै हुनु, बिरामीको लागि शैंयाको अभाव हुनु, आदि । यी कुराहरूले प्राविधिक शिक्षा र सीप विकास कार्यक्रमहरूमा शक्षम र सशक्त निजी क्षेत्रको संलग्नताको आवश्यकता समेत महसुस गराउँदछ ।

उपरोक्त कुरालाई दृष्टिगत गरी विविध क्षेत्रमा अनुभव प्राप्त विज्ञहरूको समुहद्धारा "सगरमाथा इन्स्टिच्युट फर टेक्नोलोजी एण्ड मेडिकल साइन्स (सिटाम्स्) प्रा. लि. को स्थापना सन २०१० मा भएको हो । यो संस्था विभिन्न विधामा दक्ष जनशक्ति उत्पादनमा योगदान पुर्याउनुका साथै युवा सशक्तीकरण गर्दै उद्यमशीलता विकासका माध्यमबाट गरिबी निवारणमा सहयोग पुर्याउने उद्देश्य लिएर स्थापना भएको हो । सिटाम्स्को कार्यनीति सार्वजनिक तथा निजी साझेदारी (Public-Private-Partnership) रहेको छ । संस्थाको दूरदृष्टि, अभियान, लक्ष तथा उद्देश्यहरू निम्नानुसार छन् :

**१.२ दूरदृष्टि :**

सन् २०३० सम्ममा दक्षिण एसियामा एक उच्च प्रविधि विकास केन्द्रको रुपमा स्थापित हुने ।

**१.३ अभियान :**

सार्वजनिक-निजी साझेदारी कार्यनीतिको आधारमा युवाहरूलाई विभिन्न विधामा प्राविधिक सीप तथा उद्यमशीलता विकास कार्यक्रम संचालन गर्ने र परामर्श सेवा दिने ।

**१.४ लक्ष्य :**

सीप सृजना तथा उद्यमशीलता विकासको माध्यमबाट गरिबी निवारण गर्नका लागि युवालाई सक्षम बनाउन सहयोग गर्ने ।

**१.५ उद्देश्यहरू :**

- स्वरोजगारलाई लक्षित गरी सीप विकाससम्बन्धी तालिम संचालन गर्ने ।
- स्थानीय स्रोतको परिचालन गरी उद्योग र व्यवसाय स्थापना गर्न सहयोग गर्ने ।
- सीप विकास तथा खबगिभ अजबष्ल को विकासको माध्यमबाट बजारको पहँुचमा वृद्धि गराउन सहयोग गने ।
- दिगोरुपमा समुदायको जीवनस्तर उठाउँन र बजारसंगको पहँुच बढाउँन युवाहरूको क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने ।
- स्थानीय युवालाई समाजको परिवर्तनका बाहकको रुपमा विकसित गर्न सहयोग गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका संस्थाहरूसंग संजालको विकास गरी नेपालमा एक उच्च प्रविधि सीप सृजना केन्द्र स्थापना गर्न सहकार्य गर्ने ।
- विभिन्न क्षेत्रसंग सम्बन्धित निम्न तथा मध्यम प्राविधिक सीपलाई उच्च प्राविधिक सीपमा रुपान्तरण गर्न प्रस्तावना (कन्सेप्ट पेपर) तयार गरी स्थानीय सरकार संग सहकार्य गर्ने ।

**२. क्षमता**

**२.१ जनशक्ति :**

सिटाम्स् विविध क्षेत्रमा लामो अनुभव र वहुआयामिक क्षमतावान विज्ञहरूको समुह हो । यसका अतिरिक्त अनुभवी विज्ञहरूको एक सल्लाहकार समिति छ, जसले यस संस्थाको प्राविधिक क्षमतालाई समय सापेक्ष रुपमा अगाडि लैजान मद्दत पुर्याएको छ ।

**२.२ भौतिक क्षमता :**
सिटाम्स्को कर्पोरेट अफिस ज्ञानेश्वर, काठमाडौँमा र तालिमको लागि बालाजु माछापोखरीमा सुविधायुक्त एक तालिम केन्द्र रहेको छ जसमा अध्ययन अनुसन्धानको लागि आवश्यक भौतिक सुविधाहरू उपलब्ध छन् ।

**२.३ सेवाग्राहीहरू :**
सिटाम्स्ले मुख्यतया सरकारी, अर्ध सरकारी संस्था, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था र वैदेशिक नियोगहरूलाई सेवा प्रदान गर्दछ ।

**३. मुख्य–मुख्य सेवाहरू :**
३.१ अनुसन्धान तथा परामर्श सेवा :
सिटाम्स्ले प्राविधिक विकास र यसको प्रयोग संग सम्बन्धित क्षेत्रमा अनुसन्धान गर्ने कार्यलाई लक्षित गरेको छ । यसले अनुसन्धानबाट प्राप्त सिकाइको आधारमा तालिम र परामर्श सेवा प्रदान गर्दछ । अनुसन्धान तथा परामर्श सेवामा निम्न सेवाहरू पर्दछन् :

- विविध क्षेत्रहरू तथा उच्च प्राविधिकसंग सम्बन्धित औद्योगिक आवश्यकता र उच्च प्राविधिक सीपयुक्त जनशक्तिको वीचको अन्तर पहिचानसम्बन्धी अध्ययन ।
- प्रविधिको विकाससंग सम्बन्धित अध्ययन अनुसन्धान ।
- तालिम निर्देशिका तयारी र तालिम संचालन ।
- विद्यमान नीतिको समीक्षा तथा रणनीतिक योजना तर्जुमा ।
- सोसल म्यापिङ्ग तथा कार्यक्रम तर्जुमा ।

३.२ तालिम तथा उद्यमशिलता विकास
सिटाम्स्ले विविध विषयमा तालिम कार्यक्रमहरू तर्जुमा गर्ने र आवश्यकता अनुसार पाठ्यक्रम तथा तालिम संचालन विधिहरूमा सुधार गरी लक्षित कार्यक्रमहरू संचालन गर्ने गर्दछ । हाल यस संस्थाले निम्न विषयहरूमा तालिम कार्यक्रमहरू तयार गरिसकेको छ :

- आवश्यकतामा आधारित व्यावसायिक तालिम कार्यक्रमका साथै उद्यम, कृषि र स्वास्थ्य बिषयका तालिमहरू
- आधारभूत तथा एड्भान्स प्रशिक्षक प्रशिक्षण
- निम्न तथा उच्च प्राविधिक सीप विकास तालिम
- व्यवसाय सुरु तथा सुधारसम्बन्धी तालिम
- परियोजना प्रस्तावना तथा प्रतिवेदनलेखन
- व्यावसायिक योजना तयारी तालिम, आदि ।

३.३ उच्च प्रविधि सीप सृजना केन्द्र स्थापना र संचालन (पहिलो चरणमा काठमाडौँमा र दोस्रो चरणमा सातवटै प्रदेशमा एक एक वटा)

३.४ नेपालमा उच्च प्रविधि सीप सृजना केन्द्र स्थापना र संचालन गर्ने सन्दर्भमा सहकार्य गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरूसंग संजाल विकास गर्ने ।

३.५ निम्न तथा मध्यम प्रविधिलाई उच्च प्रविधिमा रुपान्तरण गर्ने सिटाम्स्को मोडेल :




हाम्रो विज्ञहरुको समूह :

| नाम | विशेषज्ञ क्षेत्र |
|---|---|
| १. डा. नन्दप्रसाद श्रेष्ठ | पशुधन |
| २. डा. राजेन्द्र केसी | योजना व्यवस्थापन |
| ३. डा. रङ्ग राज ढुंगाना | स्वास्थ्य र पोषण |
| ४. कृष्ण प्रसाद नेपाल | उद्यमशीलता विकास |
| ५. शान्ती देवी धामी | नर्सिंग केयर |
| ६. डा. दिल प्रसाद श्रेष्ठ | व्यवस्थापन, अनुसन्धान र परामर्श |
| ७. डा. सुदर्शन रेग्मी | कृषि र पशुधन |
| ८. प्रो. डा. नरबिक्रम थापा | सामुदायिक ग्रामीण विकास |
| ९. डा. दिनेश पराजुली | कृषि र पशुधन |
| १०. डा. गोपी कृष्ण शेढाई | कृषि विस्तार, पशुधन |
| ११. प्रतिमा शर्मा | मनो-सामाजिक परामर्श, लिङ्ग, समानता र सामाजिक समावेशीकरण |
| १२. सूर्य राई | ग्रामीण विकास, प्रशासन र वित्त |